# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## Agriculture and Forestry University
## Office of the Registrar
Rampur, Chitwan, Nepal


मिति: २०८१।०३।०४

### धन्यवाद ज्ञापन

कृषि क्षेत्रको सर्वाङ्गीण विकास र कृषिको आधुनिकीकरण गर्दै ग्रामिण जनसमुदायको सामाजिक तथा आर्थिक स्तर उठाउन कृषि, वन, पशु विज्ञान क्षेत्रसँग सम्बन्धित विषयको एकीकृत रूपले अध्ययन, अध्यापन र अनुसन्धान गराई मुलुकभित्रै उच्च स्तरको प्राज्ञिक तथा सीपयुक्त जनशक्ति उत्पादन गर्न नेपाल सरकारको लगानीमा वि.सं. २०६७ असार ३ मा कृषि तथा वन विज्ञान विश्वविद्यालयको स्थापना भएको हो । हाल देशको सात ओटै प्रदेशमा आंगिक एवं सम्बन्धन प्राप्त कलेज विस्तार गरी कृषि शिक्षा सर्वसुलभ बनाउन विश्वविद्यालय प्रयत्नरत रहेको छ ।

विश्वविद्यालयको मिति २०८१।०३।०३ मा सम्पन्न भएको चौंथो दीक्षान्त समारोहबाट १०५९ विद्यार्थी दिक्षित भएका छन् । विद्यावारिधीमा ९, स्नातकोत्तरबाट २५२ र स्नातक तहबाट ७९८ विद्यार्थी दिक्षित भएका हुन् । विश्वविद्यालयको चौंथो दीक्षान्त समारोहबाट दिक्षित हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई दिँदै उज्वल भविष्य एवं निरन्तर प्रगतीका लागि शुभकामना दिन चाहन्छु ।

विश्वविद्यालयले चार ओटा दीक्षान्त समारोह सम्पन्न गरी विद्यावारिधीबाट ४२, स्नातकोत्तरबाट १०९९ र स्नातक तहबाट ५,२६३ जना जनशक्ती उत्पादन गरिसकेको छ । विश्वविद्यालय स्थापना भएको छोटो समयमा यस विश्वविद्यालयबाट उत्पादित जनशक्ति देशमा मात्रै नभई विदेशमा समेत कार्य क्षेत्रमा दक्षता प्रदर्शन गरिरहेका छन् । हाल विश्वविद्यालयको कृषि संकाय, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय र वन विज्ञान संकाय अन्तर्गत ४,१८३ विद्यार्थी अध्ययनरत छन् । जसमा विद्यावारिधी तहमा ११५, स्नातकोत्तर तहमा ५२६ र स्नातक तहमा ३,५४२ जना विद्यार्थी रहेका छन् ।

विश्वविद्यालयको चौंथो दिक्षान्त समारोह सभ्य र व्यवस्थित रुपममा सम्पन्न गर्न महत्वपूर्ण भुमिका निभाउनु हुने विश्वविद्यालयका कुलपति एवं सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यू, उपकुलपति प्रा.डा. पुण्यप्रसाद रेग्मीज्यू, समारोहका प्रमुख अतिथि सिक्किम स्किल युर्निभर्सिटी, नामथाङ्गका उपकुलपति प्रा.डा. अजय कुमार मिश्रज्यू, सभासद्ज्यूहरु, दीक्षान्त समारोह आयोजक मूल समितिका सम्पूर्ण सदस्यज्यूहरु, उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, सम्पूर्ण पदाधिकारी, शिक्षक, कर्मचारी, विद्यार्थी एवं अभिभावकज्यूहरु, सहयोगी संघ, संस्थाहरु, सुरक्षाकर्मीज्यूहरुका साथै सञ्चारकर्मीज्यूहरुप्रति विश्वविद्यालयको रजिष्ट्रार एवं दीक्षान्त समारोह आयोजक मूल समितिको अध्यक्षको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

प्रा.डा. शारदा थपलिया
रजिष्ट्रार एवं अध्यक्ष,
चौंथो दीक्षान्त समारोह आयोजक मूल समिति

रजिष्ट्रार